# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं फाल्गुन २६ गते ०१ साल

भाग २


## अर्थविभागको सूचना

०८ साल माघ १ गतेभन्दा अगावै भर्ना भइरहेका निजामती कर्मचारी-हरूलाई ०८ साल माघदेखि थप खुवाउने स्केल टेबुल निस्केकोमा त्यसपछि भर्ना प्रमोशन हुनेहरूले पनि पाउने हुन् कि भन्ने भ्रममा परेको बुझिएकोले त्यस बारेमा देहायमा लेखिएबमोजिमको स्पष्टीकरण गरिदिने श्रीशाही परामर्शदाता अर्थविभागबाट ०९।११।१२ को मिमो सदरमुताबिक प्रकाश गरिदिएको छ, सोबमोजिम गर्नु गराउनुहोला ।

(१) ०८ साल माघ १ गतेदेखि भर्ना भएका जवानहरूको हकमा स्केलको शुरु अंक मात्र खाने खुवाउने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) ०८ साल पौष मसान्तपछि र स्केल निस्कनुको बिचमा प्रमोशन पाएका जवानहरूलाई नयाँ दरबन्दीमा निजहरूलाई तोकिएको स्केलको शुरु अंक खाने खुवाउने । तर, यसो गर्दा प्रमोशन पाउनेको साबिक खाई पाई आएको तलबको अंक घट्ने भएमा भाद्र १० गतेको नयाँ तलब दरबन्दी सम्बन्धित नियमको दोस्रा दफाबमोजिम खाने खुवाउने ।

(३) तर, उक्त १।२ दफाबमोजिम गर्दा धेरैजसो कर्मचारीहरूबाट खाइसकेको फिर्ता गराउनुपर्ने देखिए तापनि त्यस्ता जवानहरूले ०६ साल फाल्गुन मसान्तसम्म खाई आएबमोजिम खुवाई चैत्र महिनादेखि उक्त १।२ दफामा लेखिएबमोजिम गर्ने गराउने ।

हिरण्यध्वज जोशी
डेपुटी सेक्रेटरी
अर्थ (खर्च— व्यवस्था) विभाग.

## अर्थ(आय) विभागको सूचना

(रबर निकासीमा महसूल लगाउने बारे)

उक्त विषय ०६ ६—२१—१ को टिप्पणी श्री ५ महाराजाधिराज र मौसूफका परामर्शदातृसभाको बैठकमा पेश हुँदा उक्त विषय भारत निकासीमा चौकीदारीसमेत फि गाडा कं रु. ।= छ आनाका दरले लिने निर्णय भए बमोजिम गर्नु भन्ने श्री ५ महाराजाधिराजबाट हुकुम बक्सेको छ भनी ०६—११—५—२ मा मौसूफका सेक्रेटरीबाट लेखी आएको हुनाले सूचित गरिएको छ ।

रामप्रसाद जोशी
असिस्टेन्ट सेक्रेटरी.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।